पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८०।३।३

बैठक क्र.सं. १९

निर्णयहरु

१. गाउँकार्यपालिकाका पूर्व निर्णयहरुको सम्वन्धमा छलफल भयो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक रहेको पाइयो ।

२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट पेश हुन आएको आर्थिक वर्ष २०८०/८१ को लागि आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान र अन्य आयको प्रक्षेपण, संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरण भइ आएका कार्यक्रम तथा योजना र गाउँपालिका पालिकास्तरीय, विषयगत शाखा र वडा स्तरीय योजनाको बजेट सीमा र मार्गदर्शन माथि छलफल भई स्वीकृत भयो।

३. मृगौला प्रत्यारोपण गरेका, डायलसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७८ को दफा (३) बमोजिम ४,६ र ७ नं. वडा कार्यालयबाट अनुसूचि (२) बमोजिममा पेश हुन आएको पैयूँ गाउँपालिका वडा नं. ४,६ र ७ निवासी क्रमशः छविकला चुदारो वि.क. ना.प्र.नं.(५११०३५-६१), सुनिता थापा क्षेत्री (ना.प्र.नं.५९१६) र चन्द्र कुमारी गुरुङ्ग (ना.प्र.७९२) लाभग्राही कायम गरियो ।

४. ११ औ गाउँसभामा स्वीकृत १ नं. वडाको घैयाखेत सानाथुम्का भाटेथुम्का नामसरी सडक निर्माणको विनियोजित बजेट रु. २ लाख बजेटको कार्यान्वयनमा बाधा उत्पन्न भएकोले उक्त रकम वडा कार्यालयको अगाडि रहेको जीर्ण कच्ची घर हटाउने तथा प्राङ्गण निर्माणमा रु. १ लाख र फर्निचर खरिदमा रु. १ लाख रकमान्तर गर्ने । साथै भोर्ले चालालुङ्ग गेमी हाँडीखर्क सडक मर्मत संभार (पालिका गौरव आयोजना) मा हार्ड रक कटिङ्गको लागि प्राविधिक कार्यमुल्यांकन अनुसार नपुग भएको रु. ३ लाख साविककै उपभोक्ता समितिलाई भुक्तानी गरी दिने गरि रु. २ लाख मागमा आधारित खर्च शीर्षकबाट र रु.१ लाख वडा नं. ७ अन्तर्गतको टिओडि मिटर ए.बि.सि. सेट खरिद तथा जडान खर्च शीर्षकबाट रकमान्तर गर्ने ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३